# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

पत्रसंख्या:- ०१-२०८०/०८१

च. नं. :-


फोन :- ६६३०४०८, ६६३०७६९
६६३१४५८, ६६३१४५९
फ्याक्स :- ९७७-१-६६३५१२५
इमेल :-info@ctevt.org.np
वेबसाइट :-www.ctevt.org.np
पो.ब.नं. :- ३५४६, काठमाडौं
मध्यपुर, थिमी न.पा. २
सानोठिमी, भक्तपुर, नेपाल


मिति : २०८०।११।११
नेपाल सम्बत ११४४ सिल्लाथ्व १४, शुक्रबार

## अपिल

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को गरिमामाथि नै आँच पुऱ्याउने ढंगबाट केही व्यक्तिहरुले मिति २०८०।११।०६ गते परिषद्का उपाध्यक्षज्यूलाई कार्यालय समयमा आफ्नो कार्यकक्षमा कार्यरत रहेकोबेला अभद्र व्यवहार गरेको घटनाप्रति परिषद्को गम्भीर ध्यानाकर्षण भएको छ ।

देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा महत्वपूर्ण भूमिका खेलिरहेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले बर्षेनी निशुल्क छात्रबृत्तिमा गरीब, जेहेन्दार, दुर्गम, द्वन्दपीडितहरुलाई विभिन्न कार्यक्रमहरुमा अध्ययन गर्ने अवसर प्रदान गरिरहेको व्यहोरा सर्वविदितै छ । देशभित्र र बाहिर रोजगारी र स्वरोजगारीको अवसर प्राप्त गर्न सक्ने सीपयुक्त जनशक्ति उत्पादन गरी समग्र अर्थतन्त्रमा सकारात्मक गतिशीलता ल्याउने भूमिका निर्वाह गरिरहेको परिषद्प्रति नकारात्मक संदेश पुग्ने ढंगबाट गरिएका यसप्रकारका क्रियाकलापहरुलाई बन्द गरी रचनात्मक सुझाव सहित प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको प्रवर्धनमा हातेमालो गरी वार्ता तथा सम्वादबाट बिषयहरुको समाधानका लागि अघि बढ्न सबै सरोकारवालाहरु समक्ष हार्दिक अपिल गर्दछौं ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी, भक्तपुर ।**